नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

# विद्युत विकास विभाग

अनुमतिपत्र महाशाखा

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२

फ्याकस: ४५३९९०३

पोष्ट बक्स नं.: २५००७

सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्या: ०८१/८२

चलनी नं.: १२८८

मितिः २०८१/११/२८

विषय: विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा ।

श्री याङवा इनर्जी प्रा. लि.
का.म.न.पा.-१०, काठमाडौं, नेपाल ।
फोन नं. ९८५१००७४७७ ।

प्रस्तुत विषयमा तहाँबाट प्रस्तावित याङवा जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको लागि पेश भएको दरखास्तमाथि कारवाही हुँदा तपसिल बमोजिमको कागजात/विवरणहरु विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ को दफा १० को उपदफा (३) को व्यवस्था बमोजिम सात (७) दिनको थप समयावधि भित्र विभाग समक्ष पेश गर्नुहुन विभागको मिति २०८१/११/२७को निर्णयानुसार जानकारी गराइन्छ ।

१. प्रवर्द्धक कम्पनीको दर्ताको प्रमाणपत्र, प्रबन्धपत्र, नियमावली, प्यान दर्ता तथा शेयर लागतको प्रमाणित प्रतिलिपिहरु ।
२. Desk Study Report (प्रत्येक पानामा दुवै परामर्शदाता र प्रवर्द्धक संस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत सहितको) ।
३. आयोजनाको प्रमुख संरचना सहित अक्षांश देशान्तर नक्शांकन भएको सक्कल स्थलरुप (टोपो) नक्शा ।
४. संचालक समितिको बैठकको निर्णय सहितको अख्तियारिनामा, पत्राचार गर्ने स्पष्ट ठेगाना (पोष्ट बक्स नं., इमेल) र अख्तियारी प्राप्त व्यक्तिको प्रमाणित परिचय पत्र एवं सम्पर्क नं. ।
५. विभागबाट website मा रहेको तोकिएको ढाँचाको UDIN no. समेत खुलेको नेट वर्थ प्रमाण र सो लाई पुष्टि हुने कागजात/विवरणहरु ।
६. नेट वर्थ तयार गर्ने सि.ए. संस्थाको दर्ता, नवीकरण, COP लगायतका प्रमाणित प्रतिहरु ।
७. परामर्श दातृ संस्थाको दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर, कम्पनीको प्रबन्धपत्र, नियमावली तथा कर चुक्ता प्रमाणपत्रको नोटराइज प्रतिलिपिहरु ।
८. आयोजना अध्ययन सम्बन्धमा परामर्श दातृ संस्था सँग भएको सम्झौता पत्र (प्रत्येक पानामा दुवै परामर्शदाता र प्रवर्द्धकसंस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत सहितको) ।

(डा. आस्था भट्ट)
इन्जिनियर